# आकाशवाणी समाचार- नेपाली

मितिः ०६ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- केन्द्रीय गृहमन्त्री तथा सहकारितामन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा ल्याइएको तीन नयाँ आपराधिक कानूनको कार्यान्वयनले तल्लो तहमा पुलिसको दक्षता र जवाफदेहिता बढाउने बताउनु भएको छ ।

- प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय जाच ब्युरो सिबिआई को नयाँ निर्देशक चयनका लागि नियुक्त समितिको बैठक बसेको छ।

- गृह मन्त्रालयले राज्यहरू र केन्द्र शासित प्रदेशलाई नागरिक रक्षा तयारीको मूल्यांकन गर्न मोक ड्रिलहरू सञ्चालन गर्न भनेको छ। 1

- संस्कृति मन्त्रालयले हङकङको सोथबीको लिलामी घरबाट पवित्र पिपरहवा अवशेषहरुको लिलामी रोक्न कठोर कदम चालेको छ।
- आइपिएल क्रिकेटमा आज मुम्बई इंडियंसको प्रतिस्पर्धा गुजरात टाइटन्ससित मुम्बईको वानखेडे स्टेडियममा हुनेछ।

**केन्द्रीय गृहमन्त्री- आपराधिक कानून**

केन्द्रीय गृहमन्त्री तथा सहकारितामन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा ल्याइएको तीन नयाँ आपराधिक कानूनको कार्यान्वयनले तल्लो तहमा पुलिसको दक्षता र जवाफदेहिता बढाउने बताउनु भएको छ । श्री अमित शाहले हिज नयाँ दिल्लीमा उपराज्यपाल विनाई कुमार सक्सेना र दिल्लीका मुख्यमन्त्री रेखा गुप्तासँग राष्ट्रिय राजधानीमा तीन नयाँ आपराधिक कानूनहरूको कार्यान्वयनको समीक्षा गर्न एक समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। बैठकलाई सम्बोधन गर्नुहुदै वहाले यी आपराधिक कानूनको कार्यान्वयनमा अधिकारीहरूको जवाफदेहीता सुनिश्चित गर्न निर्देशन दिनुभएको छ। उहाले ६० र ९० दिनभित्र आरोपपत्र दर्ता गर्ने प्रक्रियाको निरन्तर निगरानी गरिनुपर्ने कुराना जोड दिनुभएको छ । श्री शाहले जघन्य अपराधका घटनामा सजाय दर कम्तीमा २० प्रतिशतले वृद्धि गर्ने प्रयास गर्न पनि निर्देश दिनु भएको छ। केन्द्रीय गृहमन्त्रीले ई-समन अदालतहरूबाट सीधै जारी गरिनुपर्ने र त्यसको प्रतिलिपिहरू स्थानीय पुलिस स्टेशनहरूमा पठाउनु पर्ने कुरामा जोड दिनुभएको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी - केंद्रीय अन्वेषण ब्यूरो-सीबीआई**

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय जाच ब्युरो (सिबिआई) को नयाँ निर्देशक चयनका लागि नियुक्त समितिको बैठक बसेको छ। हिज सम्पन्न बैठकमा भारतका मुख्य न्यायाधीश सञ्जीव खन्ना र लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले भाग लिनुभयो। बैठकमा सीबीआईका नयाँ निर्देशकको नियुक्तिबारे चर्चा भएको छ । सीबीआई का वर्तमान निदेशक प्रवीण सूद को दुई साल को कार्याकाल 25 मईमा समाप्त हुदैछ। सीबीआई निर्देशकको नियुक्ति केन्द्र सरकारको तीन सदस्यीय नियुक्ति समितिको सिफारिसमा गरिन्छ। समितिको अध्यक्षता प्रधानमन्त्रीले गर्नुहुनेछ । यसमा लोकसभामा विपक्षका नेता र भारतका मुख्य न्यायाधीश समावेश छन्।

**गृह मंत्रालय - - नागरिक सुरक्षा - मॉक ड्रिल**

गृह मन्त्रालयले राज्यहरू र केन्द्र शासित प्रदेशलाई नागरिक रक्षा तयारीको मूल्यांकन गर्न मोक ड्रिलहरू सञ्चालन गर्न भनेको छ। देशका २४४ वर्गीकृत जिल्लाहरुमा गाउँ स्तरसम्म अभ्यास सञ्चालन गर्ने निर्णय गरिएको छ। केन्द्रीय गृह सचिव गोविन्द

मोहनले आज भिडियो कन्फरेन्समार्फत राज्यका मुख्य सचिवहरूसँग बैठक गर्नुहुनेछ। यस अभ्यासको मुख्य उद्देश्य विभिन्न नागरिक सुरक्षा उपायहरूको परिचालन प्रभावकारिता र समन्वय क्षमताको मूल्यांकन र परीक्षण गर्नु हो।

<u>रक्षा मंत्री -जापान रक्षा मंत्री जनरल नाकातानी द्विपक्षीय बैठक</u>

रक्षामन्त्री राजनाथ सिंहले हिज  नया दिल्लीमा जापान का रक्षा मंत्री जनरल नाकातानीबीच द्विपक्षीय बैठक गर्नुभयो। दुवै नेताले आतङ्कवादका सबै रूप र अभिव्यक्तिहरूको निन्दा गर्नुहुदै भारत-जापान विशेष रणनीतिक र वैश्विक साझेदारीको समीक्षा गर्नुभयो । उहाँहरुले द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन र क्षेत्रीय शान्तिमा योगदान पुर्याउने  प्रतिबद्धता व्यक्त गर्नुभयो । दुवै नेताले दुई देशबीचको रक्षा अभ्यासको स्वागत गरेका छन् । भारत र जापानबीचको मजबुत सामुद्रिक सहयोगमा नयाँ आयाम थप्ने सहमति भएको छ । श्री राजनाथ सिंहले पहलगाम आतंकवादी हमलाको पृष्ठभूमिमा भारतप्रति ऐक्यबद्धता व्यक्त गरेकोमा जापान सरकारलाई धन्यवाद दिनुभयो। उहाँले  जनरल नाकातानीले भारत–जापान रक्षा सम्बन्धलाई मजबुत बनाउन गरेको योगदानको प्रशंसा गर्नुभयो । श्री सिंहले भारतविरुद्ध सीमापार आतङ्कवादका लागि पाकिस्तानको निन्दा गर्नुभएको छ । रक्षामन्त्रीले आतङ्कवाद र यसलाई समर्थन गर्ने कार्यहरूविरुद्ध एकताबद्ध हुन आह्वान गर्नुभएको छ I

**Byte-राजनाथ सिह**

**<u>केंद्रीय सड़क परिवहन एवं  राजमार्ग मंत्री नितिन गडकरी</u>**

केन्द्रीय सडक परिवहन  तथा राजमार्ग मन्त्री नितिन गडकरीले तेलंगानामा **<u>61 अरब रुपियाँ लागतको</u>** विभिन्न राजमार्ग परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभएको छ । हैदरावादको अम्बरपेटमा हिज  साँझ एक जनसभालाई सम्बोधन गर्नुहुदै श्री गडकरीले आगामी वर्षहरूमा राज्यका लागि बलियो सडक सञ्जाल बनाउने आश्वासन दिनुभएको छ । उहाँले १० हजार करोड़ रुपियाँ लागतमा  हैदराबाद-विजयवाडा राजमार्गलाई तीन महिनामा छ लेनको बनाउने घोषणा गर्नुभएको छ । उहाँले  देशको प्रगतिमा तेलङ्गना र हैदरावादको महत्वपूर्ण भूमिका रहेको बताउनु भएको छ ।

**<u>Byte- नितिन गडकरी</u>**

**<u>भारतीय नौसेना तथा रक्षा अनुसंधान और विकास संगठन -डीआरडीओ</u>**

भारतीय नौसेना र रक्षा अनुसन्धान तथा विकास संगठन (डीआरडीओ) ले स्वदेशमा डिजाइन गरिएको र विकसित मल्टी इन्फ्लुएन्स ग्राउन्ड माइन (एमआईजीएम) को सफलतापूर्वक लडाकु  फायरिङ गरेका छन् । रक्षामन्त्री राजनाथ सिंहले डीआरडीओ, भारतीय नौसेना र उद्योगलाई यस उपलब्धिका लागि बधाई दिनुभएको छ । यो प्रणालीले भारतीय नौसेनाको सामुद्रिक युद्ध क्षमतालाई अझ बढाउनेछ । एम.आई.जी.एम प्रणाली एक उन्नत नौसैनिक खानी हो र आधुनिक स्टील्थ जहाज र पनडुब्बीहरूको विरुद्ध भारतीय नौसेनाको क्षमता बढाउन डिजाइन गरिएको छ। डीआरडीओका अध्यक्ष समीर भी कामत अनुसार, यो परीक्षणसँगै यो प्रणाली अब भारतीय नौसेनामा सामेल हुनको  लागि तयार भएको छ ।

**<u>Byte -DRDO</u>**

**<u>विदेश मंत्री सुब्रह्मण्यम जयशंकर व्यापार प्रतिनिधिमंडल</u>**

विदेशमन्त्री सुब्रमण्यम जयशङ्करले हिज  नया दिल्लीमा संसदीय सहयोगीहरु र व्यापारिक प्रतिनिधिमण्डलसित  जापानका  प्रतिनिधि सभाका अध्यक्ष  फुकुशिरो नुकागासँग भेट गर्नुभएको छ । श्री जयशंकरले पहलगाम आतंकवादी हमलामा ऐक्यबद्धता र समर्थन व्यक्त गरेकोमा नुकागालाई धन्यवाद दिनुभएको छ । उहाँले दुई देशबीचको सम्बन्धलाई विकास गर्न आफ्नो नेतृत्वको प्रशंसा गर्नुभएको छ  । दुवै नेताले प्रतिभा आदानप्रदान, व्यापार सम्बन्ध र प्रौद्योगिकी साझेदारी लाई बढावा दिन सहमत भएका छन्।

**<u>एशियाई  विकास बैंक - वित्तमन्त्री निर्मला सीतारमण</u>**

एशियाई विकास बैंक (एडीबी) का अध्यक्ष मासातो कान्दा सँग वित्तमन्त्री निर्मला सीतारमणले भेट गर्नुभएको छ । भेटको क्रममा वित्तमन्त्रीले भारतले निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धिमा ध्यान केन्द्रित गरेको र व्यापार मा सहजताका लागि साहसिक पहलहरू मार्फत निरन्तर अनुकूल नीति र नियामक पारिस्थिकी सिर्जना गर्दै आएको कुरा दोहोर्याउनु भएको छ । यस पहलहरुमा इनसोल्वेंसी एंड बैंकरप्सी कोड, कॉर्पोरेट टैक्स रेट रिडक्शन, जीएसटी कार्यान्वयन, प्रोडक्शन-लिंक्ड इन्सेंटिव्स, गतिशक्ति राष्ट्रिय मास्टर प्लान र स्टार्टअप इंडिया शामिल छन् । प्रधानमन्त्री नरेन्द्र मोदीको 'विकसित भारत २०४७' को परिकल्पनाबाट निर्देशित भारतको विकास प्राथमिकतालाई एडीबीको पूर्ण सहयोग रहने उहाँले बताउनु भएको छ ।

**विज्ञान और प्रौद्योगिकी राज्य मंत्री जितेन्द्र सिंह**

विज्ञान तथा प्रौद्योगिकी राज्यमन्त्री जितेन्द्र सिंहले भारतमा निर्मित एआई ओपन स्टेकको उपयोगितामाथि प्रकाश पार्दै भारतीय शोधार्थीहरूका लागि यो निकै महत्वपूर्ण रहेको बताउनु भएको छ । नयाँ दिल्लीमा विज्ञान तथा प्रौद्योगिकी विभागको समीक्षा बैठकमा उहाँले आर्टिफिसियल इन्टेलिजेन्समा आधारित नवाचार गहिरो प्रौद्योगिकी स्टार्टअप र बलियो बुनियादी ढाचाको साझेदारी मार्फत विज्ञानमा आधारित विकासलाई जोड दिनुभएको छ ।

**संस्कृति मंत्रालय - हांगकांग - सोथबी ऑक्शन हाउस**

संस्कृति मन्त्रालयले हङकङको सोथबीको लिलामी घरबाट पवित्र पिपरहवा अवशेषहरुको लिलामी रोक्न कठोर कदम चालेको छ। सन् १८९८ मा भगवान् बुद्धसँग सम्बन्धित पिपरहवा स्तूपबाट निक्लेका यी अवशेषहरूको ऐतिहासिक एवं आध्यात्मिक महत्व छ । मन्त्रालयले सोथबीलाई कानुनी नोटिस जारी गरेको छ । केन्द्रीय संस्कृतिमन्त्री गजेन्द्रसिंह शेखावतले ब्रिटेनक संस्कृति मंत्री सित यो मुद्दा उठाउनु भएको छ तथा लिलामी तत्काल रोक्न र ऐतिहासिक अवशेषहरू फिर्ता गर्ने व्यवस्था मिलाउन आग्रह गर्नुभएको छ।

**भारतीय जनता पार्टी -सांसद संबित पात्रा मणिपुर यात्रा**

भारतीय जनता पार्टीका सांसद एवं मणिपुरका पूर्वोत्तर प्रभारी संबित पात्रा मणिपुरको दुई दिवशीय भ्रमणमा हिज इम्फाल पुग्नुभएको छ। उहाले चुराचन्दपुरमा कुकी भाजपाका विधायकहरूसँग बैठक गर्नुभयो ।श्री पात्राले मणिपुरका पूर्व मुख्यमन्त्री एन बिरेन सिंहसित पनि भेट गर्नुभयो । श्री पात्रा आज कांगपोकपी जिल्लाको भ्रमण गर्नुहुनेछ ।यस वर्षको फरवरीमा राष्ट्रपति शासन लागू भएपछि पात्राको यो पहिलो राज्य भ्रमण हो।

आईपीएल क्रिक्रेट

आइपिएल क्रिकेटमा दिल्ली क्यापिटल्स र सनराइजर्स हैदरावादबीचको म्याच वर्षाका कारण प्रभावित भएको छ । दुवै टोलीले १–१ अंक प्राप्त गरे पनि सनराइजर्स हैदरावाद प्लेअफ चरणबाटै बाहिरिएको छ भने दिल्ली क्यापिटल्स पाँचौं स्थानमा रहेको छ । आज हुने म्याचमा मुम्बई **इंडियंसको प्रतिस्पर्धा** गुजरात टाइटन्ससित मुम्बईको वानखेडे स्टेडियममा हुनेछ । म्याच आज साँझ ७:३० बजे शुरु हुनेछ ।

****** ० ******